श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०४२।३।७ को निर्णयानुसार नेपाल गुणस्तर निर्धारण समितिका शाखा प्रमुख श्री बेलबहादुर अधिकारीलाई नेपाल प्रशासन सेवा, राजपत्राङ्कित द्वितीय श्रेणीको उप-सचिव सरहको पदमा साधारणतर्फ परिणत गरी नेपाल गुणस्तर कार्यालयको शाखा प्रमुख पदमा पदस्थापन गरेको छ।

आज्ञाले,
श्यामकुमार प्रधान
सह-सचिव

श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०४२।२।२८ को निर्णयानुसार रा.प.अ. प्रथम श्रेणी (प्राविधिक) का मदनबहादुर डंगोललाई नेपाल इन्जिनीयरिङ्ग सेवा, सिभिल समूह, बिल्डिङ एण्ड आर्किटेक्ट उप-समूह, राजपत्राङ्कित तृतीय श्रेणीको पदमा बढुवा गरी नियुक्त गरी पोखरा नगर योजना कार्यान्वयन समिति, पोखराको पदसंकेत नं. नि।य।भौ।प। वि ०७।६० को राजपत्राङ्कित तृतीय श्रेणीको पदमा पदस्थापना गरेको छ।

आज्ञाले,
राजेन्द्रपुरुष ढकाल
उप-सचिव

---

## भूलसुधार

खण्ड ३५ मिति २०४२।२।७ संख्या ६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित थप दरबन्दी समहीकृतसम्बन्धी यस मन्त्रालयको सूचनाको पेज नं. ६ क्रमसंख्या ४५ को पदाधिकारीमा श्री चेतराज उप्रेती हुनुपर्नेमा श्री चेतराम उप्रेती हुनगएकोले भूलसुधार गरिएको छ।

कृषि मन्त्रालय



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२०